# It takes Nepal
## to end child marriage

World Vision



नेपाल बाल विवाह दर उच्च भएका विश्वका दशवटा मुलुकभित्र पर्छ र सबैभन्दा बढी बाल विवाह हुने एसियाली मुलुकहरूमध्ये बङ्गलादेश र भारतपछि नेपाल तेस्रो स्थानमा पर्छ । नेपालमा एकतिहाइ (३७%) बालिकाहरूको विवाह १८ वर्ष उमेरभन्दा पहिला र १०% बालिकाहरूको विवाह १५ वर्ष उमेरभन्दा पहिला हुन्छ (विश्वमा बालबालिकाको स्थितिसम्बन्धी युनिसेफको प्रतिवेदन, २०१६) । सन् २०१७ को अगष्ट १० मा सम्माननीय राष्ट्रपति विद्या देवी भण्डारीको समुपस्थितिमा वर्ल्ड भिजन इन्टरनेसनल नेपालले सामुदायिक रेडियो प्रसारक संघ नेपालसँगको सहकार्यमा 'नेपाली जुटौं, बाल विवाह रोकौं' नामक पाँच-वर्षे अभियानको औपचारिक उद्घाटन गर्‍यो।




## लक्ष्य

समुदायमा चलिआएका प्रचलन र सरकारी प्रणालीमा सुधार गरी दिगो विकास लक्ष्य अनुरूप सन् २०२१ सम्ममा नेपालमा बाल विवाह न्यूनीकरणमा सहयोग गर्ने ।

## अभियानको मुख्य जोड

रोकथाम | बालबालिकाको सशक्तीकरण | संरक्षण | साझेदारी | पैरवी

### उपलब्धी १

जोखिममा रहेका महिला र बालबालिकाको संरक्षणका लागि स्थानीय तहदेखि केन्द्रसम्म कानुनी तथा सामाजिक प्रणाली सुदृढ हुनेछन् ।

### उपलब्धी २

लैङ्गिक हिंसा र दुर्व्यवहारको जोखिममा रहेका महिला तथा बालबालिकाको थप संरक्षणका लागि बालबालिका लगायत समग्र समुदायको उत्थानशीलता वृद्धि हुनेछ ।

### उपलब्धी ३

बाल विवाह अन्त्यका लागि बहुक्षेत्रगत विधि अवलम्बन गरिनेछ ।

### अभियानका मुख्य अवयवहरू

- सचेतना जागरण
- अनुसन्धान तथा विश्लेषण
- राष्ट्रिय स्तरमा परामर्श
- संरक्षणसम्बन्धी कानुन, प्रणाली र संयन्त्रहरूको सबलीकरण
- विभिन्न आस्थाका अगुवा र संस्थासँगको सम्वाद तथा संलग्नता
- युवा, पुरुष र विभिन्न पुस्ताका व्यक्तिहरूको सहभागिता
- बहुक्षेत्रगत विधि तथा बहुक्षेत्रगत संलग्नता

५ लैङ्गिक समानता

१६ शान्ति, न्याय र सक्षम निकायहरू

समयावधि : सन् २०१७ – २०२१

अभियानले समेट्ने क्षेत्र : देशव्यापी रूपमा